नेपाल सरकार

**शिक्षक सेवा आयोग**

सानोठिमी, भक्तपुर

**स्थायी अध्यापन अनुमति पत्रको लागि लिइने परीक्षाको विज्ञापन**

विद्यालय तहमा अध्यापन गर्न इच्छुक व्यक्तिहरुलाई लिखित परीक्षाद्वारा स्थायी अध्यापन अनुमति पत्र दिने प्रयोजनका लागि निम्न लिखित योग्यता पुगेका उम्मेदवारहरुवाट रितपूर्वकको दरखास्त आव्हान गरिन्छ ।

| क्र.सं. | वि.नं. | तह |
|---|---|---|
| १ | वि.नं. २१।०६८/६९ | माध्यमिक |
| २ | वि.नं. २२।०६८/६९ | निम्नमाध्यमिक |

**परीक्षाको किसिम** : लिखित

**परीक्षा दस्तुर** : माध्यमिक तह रु. ७००।- र निम्नमाध्यमिक तह रु. ४००।-

**दरखास्त दिने स्थान** : जिल्ला शिक्षा कार्यालयहरु ।

**दरखास्त दिने अन्तिम मिति** : २०६८ साल पौष २४ गतेसम्म (दोव्वर दस्तुर तिरी २०६८ साल माघ २ गतेसम्म) ।

**आवश्यक न्यूनतम योग्यता** :

(क) निम्नमाध्यमिक तहका लागि प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महिने तालिम लिएको ।

(ख) माध्यमिक तहका लागि स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महिने तालिम लिएको ।

(ग) (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले शिक्षा शास्त्रतर्फ माथि उल्लेखित योग्यता प्राप्त गरेको भए यस विज्ञापनको प्रयोजनको लागि तालिम लिएको मानिनेछ ।

द्रष्टव्य :

१ आयोगवाट स्वीकृत अध्यापन अनुमतिपत्रको दरखास्त फारामको नमूना सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ साथै आयोगको website www.tsc.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ ।

२ दरखास्त फाराम सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा बुझाउनु पर्नेछ ।

३ दरखास्त साथ शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रहरु, लब्धाङ्कपत्र, चारित्रिक प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराइ संलग्न गर्नुपर्नेछ ।

४ दोव्वर दस्तुरको म्यादलाई शैक्षिक योग्यता र तालिमको प्रयोजनको लागि गणना गरिने छैन ।

५ दरखास्तको अन्तिम मितिसम्ममा १८ वर्ष उमेर पुगेको हुनुपर्दछ र उमेरको माथिल्लो हद लाग्नेछैन ।

६ शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६(घ) (संशोधन सहित) वमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

७ परीक्षा दस्तुर राजस्व संकेत नं. १४२२४ मा जम्मा गर्नु पर्ने र कार्यालयको कोड एवं खाता नं का सम्बन्धमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट एकिन गरी राजस्व दाखिलाको दोस्रोप्रति सक्कल भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।

८ उच्चमाध्यमिक शिक्षा परिषद् (10+2) तर्फ शिक्षा शास्त्रको कक्षा ११ र १२ मा शिक्षासँग सम्वन्धित न्यूनतम २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेका सवै उम्मेदवार हुन पाउने छन् ।

९ सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरुले परीक्षार्थीले भरेको आवेदन फारामका विवरणहरु आयोगबाट उपलब्ध गराइएको Software मा Entry गरी त्यसको Hardcopy र Electronic copy अविलम्ब आयोगमा उपलब्ध गराउनु पर्ने छ ।

१० माध्यमिक तहको अध्यापन अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले निम्नमाध्यमिक तह एवं प्राथमिक तहमा र निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले प्राथमिक तहमा समेत अध्यापन गर्न सक्नेछ ।

११ अध्यापन अनुमतिपत्रको पाठ्यक्रम आयोगको website www.tsc.gov.npबाट Download गरेर लिन सकिनेछ ।

१२ जिल्ला शिक्षा कार्यालयहरुले उम्मेदवारको रो न. नौ अंकको कायम गर्नु पर्नेछ । उक्त रो.नं. कायम गर्दा क्रमशः दुई अंकको जिल्ला कोड, एक अंकको तह कोड, दुई अंकको संकेत कोड, र चार अंकको उम्मेदवारको रो.नं. कायम गर्नु पर्नेछ । जिल्ला कोड निम्न बमोजिम ०१ देखि क्रमशः ७७ सम्म कायम हुनेछ र तह कोड प्रयोग गर्दा माध्यमिक तहका लागि १ (एक) निम्नमाध्यमिक तहका लागि २ (दुई) प्रयोग गर्ने, अध्यापन अनुमतिपत्रको कोडका लागि ३२ (बत्तिस) अंक र उम्मेदवारको रो.न. का लागि (चार अंक भएको ०००१) एकबाट शुरु गर्नु पर्नेछ । जस्तै ताप्लेजुङ्ग जिल्लाको निम्नमाध्यमिक तहको लागि पहिलो रो नं. | ०१ | २ | ३२ | ०००१ | हुनेछ । [***यहाँ ०१ भन्नाले जिल्लाकोड, २ ले तह कोड, ३२ ले अध्यापन अनुमतिपत्रको संकेत कोड (माध्यमिक र निम्नमाध्यमिकमा एउटै कोड हुने) र ०००१ ले उम्मेदवारको रो.नं.जनाउँदछ।***] साथै कुनै पनि उम्मेदवारको रो न. नदोहोऱ्याउने क, ख तथा ए, बि जस्ता संकेत नराखी अर्को नयाँ रो.नं. कायम गर्नु पर्नेछ ।

१३ उम्मेदवारले आवेदन भरेको जिल्लाबाट मात्र परीक्षा दिनु पर्नेछ ।

१४ सबै क्षेत्रीय शिक्षा निर्देशनालय तथा जिल्ला शिक्षा कार्यालयहरुले समेत यसैलाई आधार मानी आवश्यक व्यवस्था गर्नु गराउनु हुन ।

परीक्षा मिति

- माध्यमिक तह : २०६८ साल फाल्गुन १९ गते शुक्रवार, दिउँसो १ बजेदेखि
- निम्नमाध्यमिक तह : २०६८ साल फाल्गुन २०गते शनिबार, दिउँसो १ वजेदेखि
- परीक्षा केन्द्रको लागि परीक्षा हुनु एक दिन अगावै सम्वन्धित जिल्ला शिक्षा कार्यालयमा सम्पर्क राख्नु पर्नेछ ।

परीक्षा हुने स्थान : सम्बन्धित जिल्ला सदरमुकाममा ।

**शिक्षक सेवा आयोगबाट अध्यापन अनुमतिपत्रको प्रयोजनका लागि कायम गरिएका जिल्ला कोड विवरण**

| जिल्ला कोड | जिल्ला | जिल्ला कोड | जिल्ला | जिल्ला कोड | जिल्ला | जिल्ला कोड | जिल्ला |
|---|---|---|---|---|---|---|---|
| ०१ | ताप्लेजुङ | २० | धनुषा | ४१ | कास्की | ६० | मुगु |
| ०२ | पांचथर | २१ | महोत्तरी | ४२ | तनहुँ | ६१ | डोल्पा |
| ०३ | ईलाम | २२ | सर्लाही | ४३ | स्याङ्जा | ६२ | कालिकोट |
| ०४ | झापा | २३ | सिन्धुपाल्चोक | ४४ | नवलपरासी | ६३ | जुम्ला |
| ०५ | संखुवासभा | २४ | रसुवा | ४५ | पाल्पा | ६४ | जाजरकोट |
| ०६ | तेऱ्हथुम | २५ | नुवाकोट | ४६ | गुल्मी | ६५ | दैलेख |
| ०७ | धनकुटा | २६ | धादिङ | ४७ | अर्घाखाँची | ६६ | सुर्खेत |
| ०८ | भोजपुर | २७ | काभ्रे | ४८ | रूपन्देही | ६७ | बाँके |
| ०९ | मोरङ | २८ | भक्तपुर | ४९ | कपिलवस्तु | ६८ | बर्दिया |
| १० | सुनसरी | २९ | काठमाडौं | ५० | मुस्ताङ | ६९ | बाजुरा |
| ११ | सोलुखुम्वु | ३२ | ललितपुर | ५१ | म्याग्दी | ७० | बझाङ |
| १२ | खोटाङ | ३३ | मकवानपुर | ५२ | वाग्लुङ | ७१ | अछाम |
| १३ | ओखलढुंगा | ३४ | चितवन | ५३ | पर्वत | ७२ | डोटी |
| १४ | उदयपुर | ३५ | रौतहट | ५४ | रूकुम | ७३ | कैलाली |
| १५ | सप्तरी | ३६ | वारा | ५५ | रोल्पा | ७४ | दार्चुला |
| **१६** | **सिरहा** | **३७** | पर्सा | ५६ | सल्यान | ७५ | बैतडी |
| १७ | दोलखा | ३८ | गोरखा | ५७ | प्यूठान | ७६ | डडेलधुरा |
| १८ | रामेछाप | ३९ | मनाङ | ५८ | दाङ | ७७ | कञ्चनपुर |
| १९ | सिन्धुली | ४० | लमजुङ | ५९ | हुम्ला | | |

- शिक्षक सेवा आयोगको मिति २०६८।०८।१९ गतेको निर्णयानुसार तोकिएका दुर्गम स्थानका जिल्ला तथा गा.वि.स.हरुमा अंग्रेजी, विज्ञान र गणित विषयकालागि अस्थायी अध्यापन अनुमपितपत्रको विज्ञापन मिति २०६८।०८।२० को गोरखापत्रमा प्रकाशित भईसकेकोले उक्त विज्ञापनमा दरखास्त दिने उम्मेदरवारहरुले क्षेत्रिय शिक्षा निर्देशनालयहरुमा दरखास्त वुझाउनु हुन सरोकारबाला सबैमा जानकारी गराइन्छ । दरखास्त फाराम आयोगको website: www.tsc.gov.np बाट Download गरेर प्राप्त गर्न सकिनेछ ।

नेपाल सरकार

शिक्षक सेवा आयोग

<u>लिखित परीक्षाको नतिजा तथा अन्तर्वार्ता सम्बन्धी</u>

<u>सूचना</u>

विभिन्न समयमा विभिन्न कारणबाट स्थगित भएको सल्यान जिल्लाको विज्ञापन नंबर २/०६१-६२ निम्नमाध्यमिक, तृतीय श्रेणीका शिक्षक पदको मिति २०६२।०३।०३ मा लिइएको लिखित परीक्षामा सम्मिलित भएका उम्मेदवारहरु मध्ये सिलसिलेवार रुपमा देहायका रोल नं. भएका उम्मेदवारहरु देहायका मिति, समय र स्थानमा हुने अन्तर्वार्ताका लागि छनोट गर्ने यस आयोगको मिति २०६८।०८।२२ गते निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै देहायबमोजिमका रोल नं. भएका उम्मेदवारहरुको नाम थरसमेत उल्लेख गरिएको सूचना आयोगको सूचना पाटीमा टाँस गरी सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाइएको व्यहोरासमेत जानकारी गराइएको छ । छनोट भएका उम्मेदवारहरुले पासपोर्ट साइजको फोटो २ प्रति र शैक्षिक योग्यताका सक्कल प्रमाण पत्रहरु, स्थायी अध्यापन अनुमति पत्र वा ५ वर्षे अस्थायी अध्यापन अनुमति पत्र र जिल्ला शिक्षा कार्यालयबाट प्रमाणित गरिएको सेवा अवधि (वर्ष, महिना र दिनसमेत गणना गरी) स्पष्ट खुलेको प्रमाण-पत्र सक्कलसहित १/१ प्रति र प्रवेश पत्र लिई तोकिएको अन्तर्वार्ताको दिन अन्तर्वार्ता हुने समयको १ घण्टा अगावै उपस्थित हुनु पर्ने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइएको छ । यस आयोगको पूर्व सूचना बिना अन्तर्वार्ता कार्यक्रम स्थगित गरिने छैन ।

**तपसिल**

विषय :- गणित+विज्ञान

क्षेत्र :- मध्यपश्चिमाञ्चल,

जिल्ला :- सल्यान

माग पद सख्या :- १० (दश)

लिखित परीक्षामा सफल उम्मेदवारहरुको रोल नं. ०५०१, ०५०२, ०५०३, ०५०४, ०५०६, ०५०७, ०५०८, ०५०९, ०५१२, ०५१४, ०५१५, ०५१६ र ०५१७

अन्तर्वार्ता मिति :- २०६८ पौष २३ गते

समय :- विहानः ११:०० बजे

अन्तर्वार्ता हुने स्थान :- क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यपश्चिमाञ्चल, सुर्खेत ।

पुनश्च :- मिति २०६४।०९।२१ गते जिल्ला शिक्षा कार्यालय सल्यानमा अन्तर्वार्ता दिइसकेको उम्मेदवारहरुको सोही समयको अन्तर्वार्ता कायम गरिने भएकोले रोल नं. ०५०१, ०५०२, ०५०८ र ०५१५ का उम्मेदवारहरुलाई यस अन्तर्वार्तामा समावेश गरिने छैन ।